नेपाल सरकार

# सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

फोन:-०१-४२००३०९

पत्रसंख्या:- २०७३।७४
चलानीनं:- ८४

सिंहदरबार, काठमाण्डौ।
मिति : २०७३।१०।१९

श्री विभागहरु (सबै)

श्री समिति/ प्रतिष्ठान/ आयोगहरु (सबै)

श्री जिल्ला विकास समितिहरु (सबै)

श्री महानगरपालिका, उपमहानगरपालिकाहरु तथा नगरपालिकाहरु (सबै)

विषय :- **वेबसाईट अधावधिक गर्ने सम्वन्धमा।**

उपरोक्त सम्बन्धमा नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.नं.: स.आ.पू. ४६०५, मिति २०७३।१०।११ को पत्र (यसै साथ संलग्न) प्राप्त भएकोले निम्न उल्लेखित बुँदाहरु जानकारी तथा कार्यन्वयनका लागि आदेशानुसार अनुरोध छ।

- यस मन्त्रालयद्वारा, मन्त्रालय, पंजीकरण विभाग, सबै जिल्ला विकास समिति र सबै महा/उपमहा/ नगरपालिकाहरुका लागि गत आ.व. मा "सरकारी निकायको वेबसाईट निर्माण तथा व्यवस्थापन सम्बन्धी निर्देशिका, २०६८" अनुसार मोबाइल, ट्याब्लेट responsive र metadata, clean URL आदि विशेषता प्रयोग गर्न सकिने गरि search engine friendly वेबसाइट निर्माण गरिसकिएको छ |

- सबै स्थानीय निकायको नाम अनुसार uniform domain name राखी, .gov.np डोमेन मार्फत संचालन हुनेगरी नेपाल सरकारको एकीकृत डाटा केन्द्र (NITC) मा hosting गरिएकोले आफ्नो वेबसाइट, त्यसमा पँहुच, नियन्त्रण र सम्पूर्ण सामग्रीमा सम्बन्धित निकायकै स्वामित्व रहेको जानकारीका लागि अनुरोध छ |

- सबै वेबसाइटमा उल्लेखित निर्देशिका अनुसारका विशेषताहरु रहेकाले, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको संलग्न पत्र अनुसार अध्यावधिक गर्नुहुन अनुरोध छ:

    - सबै वेबसाइट सामाग्री व्यवस्थापन प्रणाली (CMS) मा आधारित रहेकोले, निर्णय, सूचना, फोटो ग्यालरी, वडा पत्र सहजरूपमा अध्यावधिक गर्न सकिने व्यवस्था रहेको र प्रतिवेदन, आदि दस्तावेजको अभिलेख र खोज व्यवस्थित रहेको छ |

    - अधिकांश स्थानीय निकायको facebook, twitter, youtube आदि सामाजिक सन्जालको आधिकारिक एकाउन्ट (हेलो सरकारको निर्देशन अनुरुप) निर्माण गरिएको छ भने सबै वेबसाइटमा पनि लिंक (embed) गरि संचालन गर्न सकिने रहेको छ | सो एकाउन्ट नभए यथाशिघ्र नयाँ एकाउन्ट बनाई आफ्नो वेबसाइटमा लिंक गर्न हुन अनुरोध छ |

नेपाल सरकार

# सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

फोन:-०१-४२००३०९

पत्रसंख्या:- २०७३।७४

चलानीनं:-

सिंहदरबार, काठमाण्डौ।

- सम्पूर्ण कर्मचारीहरुको फोटो सहितको दर्जा अनुसार आवश्यक विवरण राख्न सकिने व्यवस्था रहेको छ।
- जिल्ला विकास समितिको वेबसाइटमा जिल्ला अन्तर्गत रहेका गाउँ विकास समितिको गा.वि.स. विवरण, गा.वि.स. सचिवको विवरण, सामाजिक सुरक्षा लगायतका अन्य महत्वपूर्ण विवरण सहितको पेज रहेको छ।

- सबै जिल्ला विकास समिति र पुराना ५८ महा/उपमहा/ नगरपालिकाहरूका एकजनालाई वेबसाइट संचालनका लागि तालिम प्रदान गरिसकिएको छ भने साथै बाँकी नयाँ नगरपालिकाहरुलाई यस आ.व. मा उक्त तालिम प्रदान गरिने योजना रहेको छ। तसर्थ, तालिम प्राप्त कर्मचारीले वेबसाइट नियमितरूपमा अद्यावधिक गर्नुहुन अनुरोध छ।
- स्थानीय निकायको वेबसाइट संचानलमा सहयोग पुर्याउन नेपाली भाषामा मार्गदर्शन (User Manual) र भिडियो तयार गरि http://bit.ly/munmanual, http://bit.ly/ddcmanualरlgcdp.gov.np/munvideos, lgcdp.gov.np/ddcvideos मा राखिएको छ। अद्यावधिक कार्यमा थप जानकारी र सहयोग आवश्यक भए स्थानीय निकायमा कार्यरत ICT Voluneer, एल.जी.सी.डी.पी कार्यक्रमको सम्बन्धित क्षेत्रीय वा केन्द्रिय ईकाईमा रहेका सूचना प्रविधि बिज्ञ वा यस शाखामा सम्पर्क गर्नुहुन अनुरोध छ।
- नेपाल सरकारको एकीकृत डाटाकेन्द्र (NITC) मा वेबसाईट Hosting गर्न अनुरोध गर्ने बेलामा Website Security Audit Certificate समेत केन्द्रलाई पेश गर्नुपर्ने प्रावधान रहेकोले वेबसाइटको सुरक्षण परिक्षण, hosting गर्दा नै भईसकेको र यस सम्बन्धि थप कार्य वा निर्देशन आवश्यक भए मन्त्रालयबाट निकट भविष्यमै थप जानकारी हुने व्यहोरा अनुरोध छ।
- मन्त्रालय अन्तर्गतका अन्य निकाय (विभाग, समिति/ प्रतिष्ठान/ आयोगसहित) ले स्थानीय निकायहरुका लागी तयार गरिएकोमाथि उल्लेखित वेबसाईट संचालनमा ल्याउन आवश्यकता भए यस शाखामा सम्पर्क गर्नुहुन वा आफ्नो वेबसाइट प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयको संलग्न पत्रमा उल्लेखित कार्यहरु तत्काल गर्नुहुन र अध्यावधिक गर्नुहुन निर्देशानुसार अनुरोध छ।

(देवेन्द्र कुमार झा)

क. अधिकृत